## आर्थिक कारोबारको स्थिति

कार्यालय र स्थान : श्री धुलिखेल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक ।
आर्थिक वर्ष: २०७५।७६

| | नाम | कार्यरत अवधि | | बेरुजू रकम |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| कार्यालय प्रमुख | प्र.प्र.अ श्री महेश बराल | २०७५/४/१ | २०७५/६/२४ | |
| | प्र.प्र.अ श्री तारानाथ लुइटेल | २०७५/६/२५ | २०७६/३/३१ | |
| लेखाप्रमुख | ले.अ श्री धन बहादुर बस्नेत | २०७५/४/१ | २०७६/३/३१ | |

**आयव्ययः**

| गत वर्षको जिम्मेवारी रु. | यस वर्षको आम्दानी रु. | जम्मा रु. | खर्च रु. | बाँकी रु. |
|---|---|---|---|---|
| ५७९३८५११.४५ | ६३५४२३३५४.१३ | **६९३३६१८६५.५८** | ५८४६१७९१७.०९ | १०८७४३९४८.४९ |

**राजस्वतर्फः**

| क्र.सं. | शीर्षक नं. | लगत हसबली समेत रु. | असुली रु. | दाखिला रु. | बाँकी रु. | |
|---|---|---|---|---|---|---|
| १ | - | - | - | - | - | - |

**धरौटीतर्फः**

| गत वर्षको जिम्मेवारी रु. | यस वर्षको आम्दानी रु. | जम्मा रु. | फिर्ता रु. | सदरस्याहा रु. | बाँकी रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| - | - | - | - | - | - | - |

## लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

**कार्यालय :** धुलिखेल नगरपालिका नगर कार्यपालिकाको कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक । **आर्थिक वष** :२०७५।७६

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | उपरोक्त आर्थिक कारोवारहरुको पेश भएसम्मको स्रेस्ता र प्राप्त आन्तरिक लेखापरीक्षण प्रतिवेदनको मूल्यांकनको आधारमा स्वीकृत लेखापरीक्षण योजना वमोजिम लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा सम्वन्धमा कार्यालयका सम्वन्धित पदाधिकारीहरुसंग मिति २०७६/९/११ मा छलफल भएको छ । लेखापरीक्षणवाट देखिएका व्यहोराहरु निम्नानुसार छन् । | | |
| | **परिचय :** नेपालको संविधानमा राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने उल्लेख भएको तथा स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्नु, स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्ने उद्देश्य सहित २०७३ फाल्गुण २७, २०७४ जेठ ११ र जेठ १८ को नेपाल राजपत्रको सूचना अनुसार स्थापना भएको यो नगर कार्यपालिका प्रदेश नम्बर ३ काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेलमा रहेको छ । | | |
| १. | **स्थानीय संचितकोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालीकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ । | | |

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १. | **गत वर्षको जिम्मेवारी** | | ५७९३८५११.४५ | १. | **चालु खर्च** | | १२९४८९८४४.६९ |
| | क) नगद | | | २. | **पूँजीगत खर्च** | | ४४११३२५७२.९४ |
| | ख) बैंक | ५७९३८५११.४५ | | ३. | **वित्तीय व्यवस्था भुक्तानी** | | ४९७५८२.०७ |
| २. | **आन्तरिक राजस्व** | | ५०९५९७७२.२५ | | क) ऋण भुक्तानी | २८६८७४.१० | |
| ३. | **राजस्व बाँडफाँड** | | ११२१२९३३८.१ | | ख) ब्याज भुक्तानी | २१०७०७.९७ | |
| | क) मालपोत रजिष्ट्रेशन | ४४१५७७६४.५१ | | ४. | **धरौटी फिर्ता** | | ६५९६२१९.२५ |
| | ख) सवारी साधन कर | १७७७९२९४.७० | | ५. | **कोष खर्च** | | ५२०४३३६.७३ |
| | ग) संघिय सरकार राजश्व बाँडफाँड | ५०१९२२७८.८९ | | ६. | **अन्य अर्थ बजेट खर्च** | | १६९७३६१.४० |
| ४. | **वित्तीय हस्तान्तरण** | | ३८२९३९७३७.७१ | ७. | **मौज्दात** | | १०८७४३९४८.४९ |
| | क) वित्तीय समानीकरण अनुदान | १०७५००००० | | | क) नगद मौज्दात | | |
| | ख) सशर्त अनुदान | २१४३७१४१८.७१ | | | ख) बैंक मौज्दात | १०८७४३९४८.४ | |
| | ग) सामाजिक सुरक्षा | ५४८९९००० | | | | | |
| | घ) स्थानीय पूर्वाधार विकास | ४४९७४९८ | | | | | |
| | ङ) सडक बोर्ट नेपाल | ११७१८२१ | | | | | |
| | च) पर्यटन बोर्ड | ५००००० | | | | | |
| ५. | **अर्थ बजेट** | | १६९७३६१.४ | | | | |
| | क) सेवा निवृत संचित बिदा | ६३३०२२.६० | | | | | |
| | ख) सेवा निवृ.त औषधि उपचार | १०६४३३८.८० | | | | | |
| ६. | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ५५८१८४६२ | | | | |
| | क)वित्तीय समानीकरण अनुदान | ७९९९००० | | | | | |
| | ख) सशर्त अनुदान | २७८३२९५४ | | | | | |
| | ग) समपूरक अनुदान | १००००००० | | | | | |
| | घ) प्रधानमन्त्री रोजगार कार्यक्रम | ३४०६५०८ | | | | | |
| | ङ) प्रदेश तथा स्थानीय तह क्षमता | ३०५००० | | | | | |
| | च) संघिय सरकारबाट हस्तान्तरित | ६२७५००० | | | | | |
| ७. | **विभिन्न संस्थाबाट प्राप्त** | | १०१८९३५ | | | | |
| | क) युनिसेफ नेपाल | ४०५००० | | | | | |
| | ख) सिगास समेत | ४१३९३५ | | | | | |
| | ग) सहकारी मन्त्रालय | २००००० | | | | | |
| ८. | **विभिन्न कोषतर्फको आय** | | ६२५८५३५.१ | | | | |
| ९. | **जनसहभागिता (नगद)** | | २२८४६८६९.५७ | | | | |
| १०. | **विषयगत निकायबाट** | | | | | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | | | | | | | बेरुजू रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | प्राप्त रकम | | | | | | | |
| | ११. | धरौटी आय | | १७५४४४३ | | | | | |
| | | जम्मा | | ६९३३६१९६५.५८ | | | जम्मा | ६९३३६१८६५.५७ | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| १.१. | नगरपालिकाले महालेखा नियन्त्रकको कार्यालयले उपलब्ध गराएको Sub National Treasury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राखेको छ । सो लेखाबाट तयार भएको बैंक नगदी किताब र खर्चको फाँटवारी बिच यथार्थ खर्चमा फरक देखिएको र बैंक नगदी किताबले यथार्थ खर्च देखाएको पाइएन । विद्युतिय लेखा परिमार्जन सहित उपयोगमा ल्याउनुपर्दछ । | | |
| २. | **लेखापरीक्षणको क्रममा असुली :** लेखापरीक्षणको क्रममा बेरुजु औल्याए पश्चात नर्म्स भन्दा बढी खर्च भएको नमिल्ने भुक्तानी दिएको, बिल भरपाइ भन्दा बढी भुक्तानी भएको लगायतको रु.११४२६२ दाखिला भएको छ । | | |
| ३. | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । नगर सभाले २०७५/३/१३ गते वजेट पारित गरे अनुसार नगर प्रमुखले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी २०७५/३/२२ मा दिएको पाईयो । ऐनको व्यवस्था वमोजिम वजेट तथा कार्यक्रम कार्यान्वयन गर्नु पर्दछ । | | |
| ४. | **बजेट पेश तथा पारित गर्ने :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको सभाले मिति २०७५ असार १३ गते रु.६० करोड ५६ लाख ८३ हजार वजेट, नीति तथा कार्यक्रम पारित गरेकोमा २०७५।१२।२६ को सभाबाट रु.६७ करोड ५३ लाख ५१ हजारको संशोधित बजेट पारित गरेको छ । तर ऐनको व्यवस्था वमोजिम योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरणमा छनौट भएका कार्यक्रम तथा योजनाको विस्तृत विवरण पेशगर्नुपर्नेमा भैपरीमा रु.१ करोड, कृषि प्रसार सँग सम्बन्धितमा रु.३० लाख, एकिकृत नगर विकास योजनामा रु.११२६५००, कुवा पोखरीमा धारा संरक्षण तर्फ रु.७४३००० उल्लेख गरेको पाइयो । अतःस्थानीय तह संचालन ऐन, २०७४ वमोजिम योजना तथा कार्यक्रमगत रुपमानै सभामा छलफल गरी वजेट, नीति तथा कार्यक्रम पारित गरी कार्यान्वयन गर्नु पर्दछ । | | |
| ५. | **कानुन निर्माण :** स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहले कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्ने एवम् न्यायकि कार्य सम्पादन गर्नुपर्ने व्यवस्था भए अनुसार नमुना कानुन निर्माण गरेको एवम् न्यायिक कार्य गरेको उल्लेख गरेतापनि विवरण उपलब्ध नभएकोले विश्लेषण गर्न सकिएन । | | |
| ६. | **आन्तरीक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । नगरपालिकाले यस किसिमको कार्यविधि वनाएको छैन । जसवाट कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन समस्या परेको स्थिति रहेको छ । आन्तरीक नियन्त्रण सम्वन्धि अन्य व्यहोराहरु देहाय बमोजिम उल्लेख छ ।<br>● प्रत्येक कर्मचारीका पदको कार्यविवरण वनाई लागू नगरेको । (निजामति सेवा ऐन, २०४९ को दफा ५)<br>● उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमको पहिचान, निराकरण नगरेको<br>● भुक्तानी भएका सबै विल भरपाईहरुमा भुक्तानी जनाउने छाप नलगाएको<br>● मर्मत अभिलेखको लागि म.ले.प.फा.नं. २ राख्ने नगरेको, | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फछर्यौटको विवरण |
|---|---|---|---|
| | • जिन्सी निरीक्षण प्रतिवेदन वमोजिम मर्मत तथा लिलाम गर्नु पर्ने भनी उल्लेख भएकोमा सो को कार्यान्वयन नभएको<br>• प्राविधिक जाँचपास, कार्य सम्पन्न प्रतिवेदन लगायतका कागजातहरुमा स्वीकृत मितिहरु उल्लेख गर्ने नगरेको,<br>• कन्टेन्जेन्सी बापत रकम कट्टी गर्दा अधिकतम अर्थात ३ प्रतिशत सबै योजनाको कट्टी गर्ने गरेको,<br>• खर्चका बिल भर्पाईहरुको तेरीज बनाउने नगरेको ,<br>• कार्यालयले वर्षभरी सम्पादन गरेको कामको वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको<br>• केही योजनाको लागत अनुमान तयार, स्वीकृति, नापी मूल्याङ्कन, ठेक्का विल, कार्य सम्पन्न प्रतिवेदन मा स्वीकृत गरेको मिति उल्लेख नगरेको,<br>• रु.२० हजार रुपैयाँ भन्दा बढी मूल्यका, मूल्य अभिबृद्धि कर लाग्ने मालसामान खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद खरीद गर्नु पर्नेमा नगरेको । (सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९)<br>• कन्टिन्जेन्सी खाता अद्यावधिक गरी राख्ने नगरेको,<br>• यातायात खर्च भुक्तानी गर्दा स्पष्ट मापदण्ड र दररेट निर्धारण नगरेको,<br>• नागरिकता, घरबाटो, नाता प्रमाणित, पञ्जीकरण दर्ताको सिफारिसको लगत अद्यावधिक नगरेको ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्नेमा नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख कायम भएका नगरपालिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था छ । यस नगरपालिका अर्न्तगत गाभिएका साविक गाउँ विकास समितिहरुको हस्तान्तरण हुनु पर्ने सम्पूर्ण सम्पत्तिको अभिलेख जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिहरुको वेरुजुको अभिलेख व्यवस्थित गरेको देखिएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।<br>• स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले प्रशासन तर्फका कर्मचारीको तलबी प्रतिबेदन पारित गरेको छैन । तलवि प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले मध्यकालिन खर्च संरचना तयार गरेको देखिएन ।<br>आन्तरिक नियन्त्रण व्यवस्थाले नियमितता, मितव्ययिता, पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रावधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नुपर्दछ । | | |
| ६.१. | **सम्भाव्यतता अध्ययन**-आथिंक कायंविधि नियमावली, २०६४ को नियम २२ (१) मा पन्ध्र लाख रुपैयाभन्दा बढी लागत पनें विकास आयोजनाको बजेट तजुंमा गदां प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आथिंक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी नेपाल सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपनें व्यवस्था रहेको छ । कायांलयबाट सन्चालित अधिकाश योजनाको सम्भाव्यता अध्ययन | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | भएको देखिएन। सर्वेक्षण र सम्भाव्यता अध्ययनको अभावमा कायंस्थलको वास्तविक अवस्था स्पष्ट नहुने, कायंको परिमाण अनिश्चित हुने, हुन सक्ने हुँदा विस्तृत सम्भाव्यता अध्ययन गरेर मात्र योजना सञ्चालनगर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ। | | |
| ६.२. | **योजना छनौट र संचालन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। नगरपालिकाको विनियोजन ऐन बमोजिम स्वीकृत भएका योजनाहरुको नमुना छनौट गरी परिक्षण गर्दा ३२ वटा योजना रु.५० हजार सम्मका, ७१ वटा योजना ५० हजार देखि १ लाख सम्मका, १२० योजनाहरु १ लाख देखि ३ लाख सम्मका र ६५ वटा योजना ३ लाख देखि ५ लाख सम्मका र अन्य योजनाहरु सो भन्दा माथिको रहेको देखियो। तसर्थ नगरपालिकाले छनौट गरेको योजना मध्ये अधिकाश योजना कम लागतका रहेको देखिएको छ। नगरपालिकाले साना तथा टुक्रे योजना सञ्चालन गरेको र मध्यम तथा दिर्घकालिन योजना न्युन रुपमा छनौट गरेकोले ऐनको दफा २४ अनुसार प्राथमिकिकरण गरेको पाईएन। नगरपालिकाले मध्यम तथा दिर्घकालिन योजना छनौट तथा प्राथमिकिकरण गरी सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त गर्ने गरी योजना सञ्चालन हुनु पर्दछ। | | |
| ६.३. | **समन्वय :** योजना संचालन गर्दा संघिय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट संचालित योजना र नगरपालिकाबाट संचालित योजना बिच दोहोरोपना हुन नदिन आवश्यक समन्वय, सहयोगको प्रणाली स्थापित गरी कार्य गर्नुपर्नेमा सो भए गरेको देखिएन। | | |
| ६.४. | **पूंजीगत शिर्षकवाट चालु प्रकृतीका खर्च -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा आर्थिक विकास र गरिबी निवारणमा योगदान पुर्‍याउने, उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जिवन स्तर, आम्दानी र रोजगार बढ्ने स्थानीय स्रोत, साधन र सिपको अधिकतम प्रयोग हुने कार्यक्रमहरु छनौट गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले बित्तिय समानीकरण अन्तर्गत प्राप्त बजेटबाट चालू र पूंजीगत शिर्षकमा छुट्याई नगरसभा २०७५।३।१३ मा नीति तथा कार्यक्रम पारित गरेको छ। नगरपालिकाले पूंजीगत शिर्षकको कार्यक्रम कार्यान्वयन गरेकोमा नमुना छनौट गरी विश्लेषण गर्दा पुँजिगत शिर्षकबाट सरसफाइ शुल्कमा रु.२०८८४०, फोहोरमैला व्यवस्थापनमा रु.४५००००, बाटो सरसफाईमा रु.१०६७३२, जनप्रतिनिधि तथा कर्मचारी अवलोकन भ्रमणमा रु.५२७०००, खेलकुद प्रतियोगिता र जात्रा पर्व संचालनमा रु.२८००००, इन्धन खर्चमा रु.८०४३१, स्वास्थ्य तर्फका करार कर्मचारीहरुको तलबमा रु.२३५०००, काभ्रे जिल्ला फुटबल संघलाईमा रु.६२९०००, कक्षा ८ को परिक्षा संचालनमा रु.२४६०००, अपांग बालबालिका सहयोग कार्यक्रममा रु.१०००००, महिला स्वास्थ्य स्वयम सेविका यातायात खर्चमा रु.४२०००० लगायत विभिन्न चालु प्रकृतिका खर्च समेत पुँजिगत शिर्षकबाट खर्च गरेको देखियो। अतः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा उल्लेख भए अनुसार आर्थिक विकास र गरिबी निवारणमा योगदानपुर्‍याउने उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जिवन स्तर र आम्दानी र रोजगार बढ्ने स्थानीय स्रोत,साधन र सिपको अधिकतम प्रयोग हुने कार्यक्रमहरु छनौट गर्नुपर्ने देखियो। | | |
| ६.५. | **लक्ष्य प्रगति :** नगरपालिकाले २७५ कार्यक्रम संचालन गरी सभाहल निर्माण र देविथान पार्क तर्फ २५ प्रतिशत र अन्य कार्यक्रममा ७५ प्रतिशत भन्दा बढी प्रगति गरेको विवरण पेश गरेको छ। तथापी नगरपालिकाले संचालन गरेका योजनाको किसिम, योजना संख्या, उक्त योजनाहरुको लागत अनुमान, आर्थिक वर्षभित्र सम्पन्न कामको मुल्यांकन स्थिती एवंम सम्पन्न अवस्था र चालु अवस्था सम्बन्धी विवरण प्राप्त नभएकोले योजनाको प्रगति सम्बन्धमा विश्लेषण गर्न सकिएन। अतः छनौट भएका योजनाको किसिम, संख्या, लागत अनुमान, संचालित योजना संख्या, सम्झौता रकम, सम्पन्न संख्या, सम्पन्न रकम, संचालन हुन नसकेका योजना र संचालन हुन नसकेका योजनाको रकम सम्बन्धी विवरण अद्यावधिक राखी योजना संचालन प्रक्रिया पारदर्शी बनाउनुपर्दछ। | | |
| ६.६. | **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्विकृत भएको कार्यक्रममा नियम २४ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा ५ प्रतिशत, दोश्रो चौमासिकमा १७ प्रतिशत र तेश्रो चौमासिकमा ७८ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढमा ४५ प्रतिशत खर्च भई खर्चको चाप बढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|

देखिएन । निर्माण कार्यको गुणस्तर र अनुगमनमा सहजता ल्याउन चौमासिक लक्ष्य तथा कार्य विभाजन अनुरुप खर्च व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च (रकम रु हजारमा) | चौमासिक खर्च .(रकम रु हजारमा ) | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | पुँजिगत खर्च खाता | २३६५०९ | १२०२७ | ४२०७७ | १८२४०४ | १०६६५३ |
| | | खर्च प्रतिशतमा | ५ | १७ | ७८ | ४५ |

७. **ठेक्का व्यवस्था :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० को उपनियम ३ बमोजिम वार्षिक कार्यक्रम कार्यान्वयन तालिका बनाउनुपर्ने तथा कार्यान्वयन हुने योजनाको लागत अनुमान तयारी स्वीकृत, निर्माण कार्य सम्पन्न गर्न अन्य निकाय सँग लिनुपर्ने सहयोगको लागि व्यवस्थापन तथा बोलपत्र आह्वान र ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक भित्र गरी सक्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न शिर्षकका ५ ठेक्का व्यवस्था गरी यस वर्ष कार्यान्वयन गरेकोमा प्रथम र दोस्रो चौमासिकमा कुनै पनि ठेक्का व्यवस्था नभएको तथा तेस्रो चौमासिकमा ५ ठेक्का व्यवस्था भएका छन । सो मध्ये यस वर्ष २ वटा ठेक्का सम्पन्न भएका छन् भने ३ वटा ठेक्का चालु अवस्थामा नै रहेको पाइयो । समयमा नै योजना सम्पन्न हुन नसकी लाभग्राही वर्ग प्राप्त हुने प्रतिफलबाट बञ्चित भएका छन् । अत: नियमावली बमोजिम तोकेको समयमा ठेक्का व्यवस्था तथा कार्यान्वयन गरी कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । ढिलो गरी अख्तियारी प्राप्त भएकोले ठेक्का व्यवस्था ढिला भएको नगरपालिकाले जनाएको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | ठेक्का सम्झौता | | | | | | | | | | यस वषं सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | आषाढ महिनाको मात्र | | | |
| | | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम |
| १ | धुलिखेल न.पा भित्रको १२.५ कि.मि सडक मर्मत | १ | २१०७८ | | | | | १ | २०९०८ | | | | |
| २ | पसल घर निर्माण धु.न.पा. वडा नं. ६ | १ | १२२३७ | | | | | १ | ११९८५ | | | | |
| ३ | जरेणडाँडादेखि चुकुनेपाटी सम्मको सडक मर्मत | २ | १६८६ | | | | | १ | १०८९ | | | | |
| ४ | टुँडिखेल मनोरन्जन पार्क मर्मत सम्भार | ३ | १९१४ | | | | | १ | १३२८ | | | १ | १३२८ |
| ५ | श्री पन्चकन्या मा.वि स्तर उन्नती | ४ | ७०३ | | | | | १ | ७०३ | | | १ | ७०३ |

८. **नापी किताब, ठेक्का बील:** यो वर्ष ठेक्का भएका विभिन्न ठेक्काको रनिंग तथा अन्तिम बिल भुक्तानी गर्दा केही योजनाको नापी किताब, ठेक्का सम्बन्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा ठेक्का नं., सम्झौता नम्बर कार्य सम्पन्न हुनुपर्ने मिति,बिलको क्रम संख्या कार्य सम्पन्न मिति उल्लेख गरेको छैन । ठेक्का सम्वन्धी भुक्तानीको महत्वपूर्ण कागजातको रुपमा रहेका नापी किताब, ठेक्का सम्वन्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा यस्ता विषयहरु उल्लेख नगर्दा ठेक्काको अभिलेख व्यवस्थापनमा कमजोरी रहने हुंदा नापी किताब, ठेक्का सम्वन्धी बिल तथा कार्य सम्पन्न प्रतिवेदन अद्यावधिक रुपमा राखिनु पर्दछ ।

९. **लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ तथा नियमावली २०६४ को नियम १० अनुसार नर्म्सको आधारमा दर विश्लेषण गरी लागत अनुमान तयार गर्नुपर्नेमा कार्यालयले मेशिनद्धारा माटो काट्ने कार्यको लागत अनुमान तयार गर्दा सो नगरी जिल्लादर रेटमा तोकिएको दर प्रयोग गरेको छ मेशिनद्धारा नर्म्सको प्रयोग गरी आउने दर संलग्न नरहेकोले तुलना गर्न सकिएन । तसर्थ दररेट सम्बन्धमा विश्लेषण गरी लागतमा मितव्ययीता ल्याउने तर्फ ध्यान दिनुपर्दछ ।

१०. **लागत अनुमान/खरिद योजना :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा (५), (६) एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३), (८) बमोजिम खरिद कारवाहीको तयारी, खरिद कार्य योजना, खरिदको प्रकार, बिधि, समय तालिका, खरिदको आर्थिक श्रोत, लागत अनुमान र खरिद आवश्यकताको पहिचान गरी खरिदको कुल बिबरण, परिमाण र क्षेत्रको यकिन गरी बार्षिक खरिद योजना र लागत अनुमान तयार गर्नुपर्नेमा कार्यालयमा मसलन्द तथा कार्यालय सामान सम्बन्धी वार्षिक रु.१५ लाख तथा छपाइ तथा सुचना प्रकाशनतर्फ रु.१२ लाख बजेट रहेकोमा समेत उक्त व्यवस्था बमोजिम खरिद योजना तयार गरेको देखिएन । खरिद योजना वेगर पटक पटक खरिद गर्ने गरेको देखियो । कार्यालयले यस वर्ष सोझै खरिद गरेको निम्नानुसार देखिएको रु. — बेरुजू रकम: २४८२६२५

| भौ.नं.मिति | सामान | फर्मको नाम | रकम |
|---|---|---|---|
| १५५/०७५/९/४ | मसलन्द तथा कार्यालय सामाग्री | भगवती सप्लायर्स | १९००१४ |
| १५७/०७५/९/६ | मसलन्द कार्यालय सामान | आकाश जनरल सप्लायर्स | ५०४५०९ |
| १६१/०७५/९/९ | कार्यालय सामान तथा मसलन्द | आकाश सप्लायर्स | ३५४६२० |
| ३१९/०७५/१२/१९ | पत्रपत्रिका छपाई, सुचना प्रकाशन स्मारिका छपाई | सगुन प्रिन्टर्स | ३७८५५० |
| | ३ वटा सामान छपाई | | ३८३१८३ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ४०२/०७६/२/१० | कार्यालय सामान | बुद्धि जनरल सप्लायर्स | १७३४१९ |
| ५१०/०७६/ /२२ | जनप्रतिनिधिहरुको २ वर्षे नामक पुस्तिका | सगुन प्रिन्टर्स | ४९८३३० |
| | | जम्मा | २४८२६२५ |

११. **उपभोक्ता समितिको कार्यमा मु.अ.कर :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको का दिँदा मुल्यअभिवृद्धि कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । नगरपालिकाले मेशिनद्धारा काम गर्ने गरी लागत अनुमान तयार गर्दा लागत अनुमानमा मु.अ.कर समेत समावेश गरी माटो काट्ने काममा समेत उपभोक्तालाई मुल्य अभिवृद्धि कर समेतको रकम भुक्तानी दिएको छ ।

१२. **आन्तरीक आय** : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५४ मा कानून बमोजिम बाहेक नगरपालिकाले आफ्नो क्षेत्राधिकारभित्र कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था रहेको छ भने अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २(३) संग सम्वन्धित अनुसूची ३ मा स्थानीय तहले लगाउन सक्ने कर र गैर करको व्यवस्था गरेको छ । जस अनुसार कर तर्फ सम्पत्ति कर, घरबहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर (मालपोत), विज्ञापन कर, मनोरन्जन कर, व्यवसाय कर समेत ८ प्रकारका कर र गैर करतर्फ सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड जरिवाना समेत ३ प्रकारका गैरकर लगाउन सक्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार यस वर्ष निम्नानुसार रु.५ करोड ९७ लाख ५० हजार असुल गर्ने लक्ष्य रहेकोमा रु.५ करोड ७ लाख ८५ हजार असुली भई लक्ष्यको ८५ प्रतिशत मात्र प्रगति भएको छ ।

| सि.नं | करका क्षेत्र | संशोधित अनुमानित आय | असुली | प्रतिशत |
|---|---|---|---|---|
| १. | सम्पत्ति कर | १३५००००० | ७०५१०६३.०१ | ५२ |
| २. | भुमिकर मालपोत कर | २००००० | २३३२७०.०६ | ११६ |
| ३. | घर बहाल कर | ४०००००० | ४०९९८१९.९९ | १०२ |
| ४. | बहाल विटौरी घर जग्गा कर | ५००००० | ८४११८८.८४ | १६८ |
| ५. | शिक्षा सेवा शुल्क वैदेशिक अध्ययन | १००००० | ५२६००.३३ | ५२ |
| ६. | सवारी साधन कर (सवारी दर्ता, वार्षिक सवारी कर तथा पटके उपयोगमा लाग्ने कर | ३४०००० | ३००००० | ८८ |
| ७. | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ४०००००० | ३२६१४६.८० | ८ |
| ८. | विज्ञापन कर | ४००००० | १२५००० | ३१ |
| ९. | अन्य मनोरञ्जन कर | ५०००० | ० | ० |
| १०. | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ३६५०००० | २८१८८४६ | ७७ |
| ११. | अखेटोपहारमा लाग्ने कर | ५०००० | ३७०२५.८५ | ७४ |
| १२. | सम्पत्ति बहालबाट प्राप्त आय | ५००००० | ५१९६४०.८९ | १०३ |
| १३. | अन्य बिक्रीबाट प्राप्त रकम | ३००००० | ३६३१०० | १२१ |
| १४. | विद्युत सेवा शुल्क | ६००००० | ५६३९८९ | ९३ |
| १५. | अन्य सेवा शुल्क | २०००००० | ८०७६९५५.७० | ४०३ |
| १६. | न्यायिक दस्तुर | ६०००० | २४९११ | ४१ |
| १७. | अन्य प्रशासनिक सेवा शुल्क | ५०००० | ३३०५११.७० | ६६१ |
| १८. | पार्किङ शुल्क | १८००००० | २२४३४११ | १२४ |
| १९. | नक्सापास दस्तुर | १०००००००० | १३२७९५२.९३ | १३ |
| २०. | सिफारिस दस्तुर | १५०००००० | १७६१३०५२.२० | ११७ |
| २१. | व्यक्तिगत घटना दर्ता दस्तुर | ५०००० | ६९०६९ | १३८ |
| २२. | नाता प्रमाणित दस्तुर | ५०००० | १०९१८५ | २१८ |
| २३. | अन्य दस्तुर | १००००० | १३७२७६२.५० | १३७२ |
| २४. | न्यायिक दण्ड, जरिवाना र जफत | ५०००० | ८८ | ०.१७ |
| २५. | प्रशासनिक दण्ड, जरिवाना र जफत | २००००० | २०६६५२.७० | १०३. |
| २६. | अन्य राजश्व | २२००००० | २०७९४६७.७५ | ९४.५२ |
| | जम्मा | ५९७५०००० | ५०७८५७१०.२५ | ८४ |

प्रस्तुत तुलनात्मक तालिकाबाट शिर्षकगत आयको यथार्थ अनुमान गर्न सकेको देखिएन । नगरपालिकाले आफनो आयको संभावित सबै श्रोतको संभावित परिमाण, संख्या, क्षेत्रफल एकिन गरी सभाले स्वीकृत गरेको दर अनुसार हुने आय एकिन गरेको छैन । कर बुझाउन आउनेसँग मात्र

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th><th>फछ्र्यौटको विवरण</th></tr>
<tr><td></td><td>असुली गरेको छ । के कति असुल हुन सक्ने अवस्थामा छ भनी वस्तुपरक रुपमा अभिलेख व्यवस्थित गरेको छैन । आन्तरिक आय को सम्वन्धमा देखिएका अन्य व्यहोरा निम्नानुसार छन्</td><td></td><td></td></tr>
<tr><td>१२.१.</td><td>परामर्श समिति : स्थानीय सरकार सञ्चालनऐन २०७४ को दफा ६५ मा राजस्व सम्वन्धी परामर्शको लागि एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था छ । उक्त समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत राजस्व सम्वन्धी कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने, राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण गर्ने र अनुमान गर्ने लगायतका कार्यहरु तोकिएको छ । राजस्व परामर्श समितिको कार्यलाई थप प्रभावकारी बनाउनुपर्ने देखियो ।</td><td></td><td></td></tr>
<tr><td>१२.२.</td><td>आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १०(१) बमोजिम कारोवारको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढांचामा राख्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा १३(१) बमोजिम आफ्नो जिम्मा भएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने उपदफा २ बमोजिम म्यादभित्र दाखिला गर्न नसके म्याद थपको अनुरोध गरेमा मनासिव भए म्याद थप हुनसक्ने र उपदफा ४ बमोजिम सो अनुरुप नगर्ने उपर जरिवाना एवं विभागीय कार्वाही समेत गर्ने उल्लेख छ । उठेको रकम दाखिला भएको भिडान गर्ने म.ले.प. फा नं.१०८, १०८(क) समेतको लेखा राखेको छैन । राजश्व आयको हिसाब सफ्टवेयरमा राखेको छ । कार्यालयले आन्तरिक आम्दानी दुरुस्त राख्नु पर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>१२.३.</td><td>व्यवसाय कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायीहरुको अनुगमन गरेको पाईएन । नगरपालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनुपर्दछ।</td><td></td><td></td></tr>
<tr><td>१२.४.</td><td>नगरले सम्भावित आयका स्रोतहरु पहिचान गरी आत्मनिर्भरता तर्फ कार्ययोजना तयार गर्नु पर्दछ । वहाल कर, सम्पत्ति करको दायरा बढाउने प्राकृतिक स्रोतबाट प्राप्त हुने आय नदीजन्य पदार्थ, सार्वजनिक जग्गा उपयोगबाट आय आर्जन गर्ने तर्फ कार्ययोजना तयार गर्नु पर्ने देखिन्छ ।</td><td></td><td></td></tr>
<tr><td>१३.</td><td>बोलपत्रमा सहभागिता र लागत कबोल अङ्कः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६२ मा निर्माण कार्य गर्दा कार्यालय तथा बोलपत्रदाताले स्वच्छ प्रतिस्पर्धाको वातावरण सिर्जना गरी काम गर्नुपर्ने व्यवस्था छ । निम्नानुसार विभिन्न ३ ठेक्काको कुल लागत ३ करोड ४० लाख २० हजार रहेकोमा रु.३ करोड ३५ लाख ५९ हजार अर्थात लागत अनुमान कै हाराहारीमा ठेक्का सम्झौता भएको अवस्थाले स्वच्छ प्रतिस्पर्धा भएकोमा विश्वस्त हुन सक्ने अवस्था देखिएन । कार्यालयले विद्युतीय माध्यमबाट बोलपत्रमा सहभागीता जनाउन सक्ने व्यवस्था गर्दा समेत बोलपत्रदाताबाट स्वच्छ प्रतिस्पर्धात्मक वातावरणमा बोलपत्रमा सहभागिता जनाएको अवस्था देखिएन ।</td><td></td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><th>क.सं</th><th>कार्यक्रमको नाम</th><th>लागत अनुमान</th><th>स्वीकृत रकम</th><th>ल.ई भन्दा घटी %</th></tr>
<tr><td>१.</td><td>ठे.नं. २/०७५/०७६ सडक निर्माण</td><td>२१०७८६१४</td><td>२०९०८२२०</td><td>०.८</td></tr>
<tr><td>२.</td><td>ठे.नं.४/०२०७५/७६ सडक निर्माण</td><td>१२२३७७२३</td><td>११९८५६३८</td><td>२.०५</td></tr>
<tr><td>३.</td><td>ठे.नं.७/२०७५/७६ सडक निर्माण</td><td>७०३२९२</td><td>७०३०६८</td><td>०.०३</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३४०१९६२९</td><td>३३५९६९२६</td><td>१.२४</td></tr>
</table>
माथिका परीदृश्यले बोलपत्रदाताहरुबीच मिलोमतो भएको अवस्था देखिएकोमा जिम्मेवार पदाधिकारीले बैकल्पीक व्यवस्था तर्फ ध्यान दिएको देखिएन ।</td><td></td><td></td></tr>
<tr><td>१४.</td><td>कन्टिन्जेन्सी खर्च : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनसूची १ अनुसार कन्टिनजेन्सी खर्च को व्यवस्था गरेको छ । कन्टिन्जेन्सी खर्च मध्ये २.५% वर्कचार्ट स्टाफ खर्च र २.५% साना तथा अन्य खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार कन्टेन्जेन्सी खर्च निम्नानुसार रहेका छन् । अतः कन्टिन्जेन्सी खर्चको योजनागत अभिलेखमा खर्च गर्न पाउने हद समेत खुलाई सानातिना आंकलन गर्न नसकिने निर्माण खर्चमा यस्तो खर्च गर्नुपर्नेमा चालु प्रकृतीका कार्यमा समेत खर्च गरेकोले यसमा नियन्त्रण गरी योजना सँग सम्बन्धित काममा मात्र खर्च गर्नुपर्दछ ।</td><td></td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|

| क.स | कार्यक्रमको नाम | लागत अनुमान | कन्टेन्जेन्सी खर्च | |
|---|---|---|---|---|
| | | | गत वर्ष सम्मको | चालु वर्षको |
| १. | सुचना प्रकाशनको रकम भुक्तानी | ० | ० | ६४८३२० |
| २. | कार्यलय सामान खरिद | ० | ० | १३५२१९९ |
| ३. | छपाइ | ० | ० | ४१७००० |
| ४. | इन्धन खर्च | ० | ० | २७७८२९ |
| ५. | सवारी साधन मर्मत | ० | ० | ३७१७३७ |
| ६. | सरसफाइ फोहोरमैला | ० | ० | १३९१९४ |
| ७. | गाडी भाडा | ० | ० | १९३६५८ |
| ८. | विविध खर्च | ० | ० | ५६१४०४ |
| | जम्मा | ० | ० | ३९६१३४१ |

**१५.** **स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं.३ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ। यस वर्ष नगरपालिकाबाट देहाय बमोजिम रु.९९४२५००/- सुविधा वापत भुक्तानी भएको देखिएको छ।

| सि.नं | विवरण | प्रमुख | उपप्रमुख | वडाअध्यक्ष १२ जना | कार्यपालिका सदस्य .....जना | सभाका सदस्य ... जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ३५००० | ३०००० | २१००० | ७००० | ६००० | ७४६१०००|
| २ | सञ्चार सुविधा (मासिक दरमा) | २००० | १५०० | १००० | - | - | १६८००० |
| ३ | बैठक भत्ता (बैठक संख्याको आधारमा) | - | - | - | - | - | २३१३५०० |
| | | | | | | जम्मा | ९९४२५०० |

**१५.१.** प्रदेश नं. ३ को स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ मा न्यायिक समिति, विद्यायन समिति, लेखासमिति र सुशासन समितिका सदस्य बाहेक स्थानीय तहका अन्य पदाधीकारी तथा सदस्यले बैठक भत्ता पाउने व्यवस्था गरेको देखिदैन । तथापी नगरपालिकाले माथि उल्लेख भए बाहेक रु.२३१३५०० बैठक भत्ता भुक्तानी गरेको देखिएकोले कानुन विपरित सुविधा प्रदान गरेको रु.

बेरुजू रकम: २३१३५०००

**१६.** **बिशेष भत्ताः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ मा स्थानीय सेवाको शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने तथा दफा ८८ मा स्थानीय सेवाका कर्मचारीको शुरु तलब स्केल प्रदेश सरकारले तोके बमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोके बमोजिम हुने व्यवस्था छ । त्यस्तै दफा ८६ को उपदफा (५) मा स्थानीय तहले कानुन बनाइ थप सुविधा दिन सक्ने व्यवस्था छ । नगरपालिकाले कार्यरत सबै कर्मचारीलाई मासिक तलबमा १५ प्रतिशत थप गरी भुक्तानी गर्ने गरेको पाइयो । उक्त सुविधालाई ऐनको दफा ८६ (२) अनुसार कानुन बनाई व्यवस्थित गरेको पाइएन ।

**१७.** **सेवा प्रवाह :** प्राप्त विवरण अनुसार नगरपालिकाले यस वर्ष स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार प्रवाह गरेको सेवाको स्थिती निम्नानुसार रहेको छ।

| सि.नं. | विवरण | आवेदन संख्या | फछ्र्यौट संख्या | बाँकी |
|---|---|---|---|---|
| १. | नागरिकता सिफारिस | १५३० | १५३० | १-१२ नं. वडासम्मको |
| २. | घरबाटो सिफारिस | २०९६ | २०९६ | १-१२ नं. वडासम्मको |
| ३. | नाता प्रमाणित | ७२२ | ७२२ | १-१२ नं. वडासम्मको |
| ४. | व्यक्तिगत घटना दर्ता | ७९८ | ७९८ | १-१२ नं. वडासम्मको |
| ५. | अन्य | ९६६८ | ९६६८ | १-१२ नं. वडासम्मको |
| | जम्मा | १४८१४ | १४८१४ | |

**चालु तर्फ**

**१८.** **कार्यक्रम खर्च :** संघिय सरकारबाट हस्तान्तरित शसर्त कार्यक्रम अन्तर्गत एकद्धार संकट व्यवस्थापन केन्द्र कार्यक्रम (one stop crisis management center-OCMC) संचालन बापत रु.२४५२००० ए.आर.टी कार्यक्रम संचालन बापत रु.५७५००० र सामाजिक सेवा इकाई कार्यक्रम अर्न्तगत रु.३२००००० गरी जम्मा रु.६२२७००० धुलिखेल अस्पतालले पेश गरेको विवरणको आधारमा खर्च लेखेकोमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

**१८.१.** एकद्धार संकट व्यवस्थापन केन्द्र कार्यक्रम (one stop crisis management center- OCMC)

बेरुजू रकम: १२००००

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फछ्यौटको विवरण |
|---|---|---|---|
| | कार्यक्रममा औषधि खरिदमा रु.१२०००००  खर्च लेखेकोमा सोको खरिद प्रक्रिया, दाखिला प्रमाण र औषधि खर्च प्रक्रिया सम्बन्धी प्रमाण कागजातहरु पेश नभएको रु. | ० | |
| १८.२. | सामाजिक सेवा इकाई कार्यक्रम अन्तर्गत विभिन्न २७० जना व्यक्तिको उपचार र उपचार खर्चको क्रममा भएका अन्य खर्च समेत प्रति व्यक्ति न्युनतम रु.३५ देखि अधिकतम रु.५४७८५५ सम्मका दरले रु.७२१९२४९ खर्च भएको विवरण संलग्न गरी शसर्त अनुदान तर्फ रु.३२००००० खर्च लेखेको देखिन्छ । विवरणमा उल्लेख भएका व्यक्ति वा निजका आफन्तहरुले सो रकम बराबरको सुविधा उपयोग गरेको सुनिश्चित हुने गरी निजहरुको भरपाइ संलग्न नभएको रु. | ३२००००० | |
| १९. | **जिन्सी दाखिला** : प्रदेश सरकारको आर्थिक कार्यविधि नियमीत तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ को दफा २४ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी, सम्पत्तिको हकमा सोही दिन वा त्यसको भोलि पल्ट र जिन्सी मालसामानको हकमा ७ दिन भित्र तोकिएको स्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारको गो.भौ.नं.बाट खरिद गरिएका सामान नगरपालिकामा जिन्सी आम्दानी बाँधेको छैन । उक्त सामान वडा कार्यालय मार्फत खरिद गरी सोधभर्ना दिएको जनाएको छ । तसर्थ वडा कार्यालयको जिन्सी अद्यावधिक गरिनुपर्दछ । | | |

| भौ.नं.मिति | विवरण | सामान | रकम | कैफियत |
|---|---|---|---|---|
| ३२१/०७५/१२/२० | वडा नं. ९ गितानाथ धिताल | २६ थरी कार्यालय सामान | ४८३४० | रु.१ लाख पे.फ |
| ३२५/०७५/१२/२१ | वडा नं. ३ गंगा देवी रायमाझी | भ्याकुम सहित १३ थान सामान | १४०१० | रु.१ लाख पे.फ |
| ३४४/०७६/१/२ | वडा नं. १० इश्वर प्रसाद सापकोटा | १३ थरी कार्यालय सामान | १४००० | रु.१ लाख पे.फ |
| ३५३/०७६/१/५ | वडा नं.५ लिला श्रेष्ठ | विभिन्न कार्यालय सामान | २०२४५ | रु.१ लाख पे.फ |
| ३७१/०७६/१/२३ | वडा नं.१ महेन्द्र राउत | विभिन्न कार्यालय सामान | ३०८४० | रु.१ लाख पे.फ |
| ३९४/०७६/२/६ | वडा नं. २ सुनिता शर्मा | विभिन्न कार्यालय सामान | १९५८५ | रु.९४ हजार पे.फ |
| ५०८/०७६/३/२२ | वडा नं. ९ गितानाथ धिताल | ९ वटा कार्यालय सामान | ४८२५० | रु.१ लाख पे.फ |
| | | जम्मा | १९५२७० | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फछ्यौटको विवरण |
|---|---|---|---|
| २०. | **गाडी भाडा** : विभिन्न मितिमा विभिन्न स्थानमा जाँदा मोटर भाडामा लिएको भनि हरी ॐ मेहिकल सर्भिस धुलिखेललाई रु.२१२५०० मा अग्रिम कर रु.२१२५० कट्टी गरी गो.भौ.नं.४२२।०७६।२।२४ बाट रु.१९१२५० र भौ.नं.७६।०७५।६।२२ बाट रु.१२१००० गरी जम्मा रु. ३१२२५० भुक्तानी दिएको छ। कार्यालयमा ४ वटा मोटर रहेको देखिन्छ। मोटर भाडा लिँदा सम्झौता गरेको देखिएन। भाडामा लिएको मोटरको किसिम र मोटर नम्बर समेत उल्लेख छैन। एकै दिनको भाडा (धुलिखेल-हेटौडा-धुलिखेल) रु.१८००० खर्च लेखेको छ । प्रयोग भएका बिलहरुमा मिति अनुसार क्रमसंख्या मिलेको छैन । कार्यालयको सवारी साधनले मात्र नभ्याएकोले अधिकार प्राप्त अधिकारीबाट स्वीकृत लिई प्रयोग गरेको नगरपालिकाले जनाएको छ। गाडी भाडामा लिई प्रयोग गर्ने कार्यमा मितव्ययीता अपनाउनुपर्दछ । | | |
| २१. | **सेमिनार** : चैतन्य एकेडेमी नेपाललाई १ जना कर्मचारी, १ जना पदाधिकारी गरी २ जनालाई मिति २०७५।१२।१३ मा संचालन भएको National Conference as Peace Prosperity & Happiness सेमिनारमा सहभागी भए बापत मु.अ.कर सहित रु.३३९०० मा अग्रिम कर कट्टी गरी गो.भौ.नं.८०।०७५।६।२४ बाट रु.३३४५० भुक्तानी दिएको छ । Peace Prosperity & Happiness कार्यक्रमबाट प्राप्त ज्ञान र उपलब्धी सम्बन्धमा सहभागिहरुले प्रतिवेदन दिई कार्यक्रमको उपलब्धीलाई कर्मचारी बिच संचार गर्नुपर्ने देखिएको छ । | | |
| २२. | **धरौटी रकम** : कार्यालयले ६ स्थानमा फ्रि वाइफाइ राखे बापत वर्ल्ड लिङ्क कम्युनिकेशन लाई धरौटी बापत गो.भौ.नं.१७९।०७५।९।२२ बाट रु.१२००० भुक्तानी दिएको छ। धरौटी राखेको रकम सम्बन्धित संस्थाले नगरपालिकालाई फिर्ता गर्नुपर्ने हुन्छ । अतः उक्त रकम नगरपालिकाले लगत तयार गरी राख्नुपर्दछ रु. | १२००० | |
| २३. | **कार्यक्रम संचालन** : नेप्सेम्याक सेवालाई ५२ हप्ते सरसफइ संचालन गरे बापत (सम्झौता अनुसार) रु.२००००० पे.फ गरी रु.२९७४८२ भुक्तानी दिई गो.भौ.नं.४४३।०७६।३।३ बाट जम्मा रु.४९७४८२ खर्च लेखेको छ। विभिन्न स्थानमा सरसफाइ गरेको फस्कोट सामुदायिक वनमा वृक्षारोपण गरेको ( संख्या नखुलाएको), डस्टबिन राख्न प्रेरित गरेको र गाडीमा यात्रा गर्दा जथाभावी फोहोर नगर्न | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फछ्र्योटको विवरण |
|---|---|---|---|
| | सचेतना गराएको उल्लेख छ । सो कार्यको सुपरीवेक्षण एवं अनुगमन गरेको प्रमाण संलग्न छैन । साथै २०७६ वैशाख १४ देखि जेष्ठ ३२ सम्म कार्यक्रम संचालन गरेको भनि उल्लेख छ । फरक फरक स्थानमा गरेको विवरण उल्लेख छैन । | | |
| २४. | **पेट्रोल खरिद :** वडा नं. ११ का वडा सचिव श्री सुवर्ण दास श्रेष्ठको रु.१००००० पेश्की फछ्र्यौट गरी रु.१००००० पेश्की दिएको छ । पेश्की फछ्र्यौट गर्दा लुज बिलमा १८३।६५ (मिति ०७६।३।१७) लिटर पेट्रोल खरिद गरेको भनी (वि.आर आयल स्टोर) गो.भौ.नं.५०१।०७६।३।३० बाट रु.२०००० खर्च लेखेको छ । बिलमा सवारी साधनको नम्बर समेत छैन । पटक पटक प्रयोग गरेको भए सो को बिल समेत छैन । उक्त तेल खर्च भएको रकम वास्तविक हो भनि एकिन गर्न सकिएन रु. | २०००० | |
| २५. | **खर्चको मापदण्ड :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ (६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययीयता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने भन्ने व्यवस्था छ । नगरपालिका बाट प्राप्त विवरण अनुसार नगरपालिकाले यस वर्ष विविधमा रु.२१०००००, सभा संचालनमा रु.१००००००, विविध कार्यक्रम खर्चमा रु.१३७९०००, कार्यक्रम खर्चमा रु.१८९८००० खर्च गरेको छ । त्यस्तै स्थापना दिवसमा रु.८००००० विनियोजन गरेको देखिन्छ । कार्यक्रम खर्च तर्फ नर्म्स स्वीकृत गरेतापनि सो सम्बन्धी विस्तृत आधार खुलाएको पाइएन । तसर्थ कार्यक्रम स्थल, दुरी समेतलाई ध्यान दिई अनुगमन र यातायात खर्च भुक्तानी गर्नुपर्ने अवस्था देखिएको छ । त्यस्तै विविध, सभा संचालन, बैठक भत्ता खर्च सम्बन्धी कार्यविधि एवं मापदण्ड स्वीकृत गराई खर्च गर्नुपर्ने देखिएको छ । सो सम्बन्धी केही व्यहोरा निम्नानुसार रहेका छन् । | | |
| २५.१. | उपरोक्त अनुसार खर्चको मापदण्ड बनाई, प्रयोजन खुलाई खर्च गर्नुपर्नेमा निम्न भौ.नं.बाट विविध खर्च गरेकोमा खर्चको प्रयोजन खुलाएको देखिएन । | | |

| भौ.नं.मिति | फर्म होटल | रकम | कर | कैफियत |
|---|---|---|---|---|
| ४८/०७५/६/१५ | अनुप रेष्टुरेन्ट | १३९२८० | २०९० | काम खुलाई माइन्युट राख्नुपर्ने |
| ६१/०७५/६/२१ | धुलिखेल बुटिक होटल | १०२३८८ | | काम खुलाई माइन्युट राख्नुपर्ने |
| ६८/०७५/६/२१ | टिवन्स किचन | १५९०७० | २३८६ | काम खुलाई माइन्युट राख्नुपर्ने |
| १६५/०७६/१/२२ | अनुप रेष्टुरेन्ट | ९२२७० | १३६९ | काम खुलाई माइन्युट राख्नुपर्ने |
| ४७२/०७६/३/३१ | कृष्ण भोजनालय | १५७१०५ | | काम खुलाई माइन्युट राख्नुपर्ने |
| जम्मा | | | | |

| | | | |
|---|---|---|---|
| २५.२. | पत्रपत्रिकामा सूचना प्रकाशन गर्दा २५ प्रतिशतसम्म छुट दिएको पाइन्छ । अतः सामान्य बजार दर बमोजिम छुटको सुविधा लिई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ । | | |
| | **ब.शि.नं.८०३२६४०१००१ तर्फ** | | |
| २६. | **विवरण नखुलेको :** आकाश जनरल सप्लायर्सलाई वडा नं ३ मा बत्ति जडान कार्यका लागि भौ.नं.९०७।०७६।३।३१ बाट रु.२४७६४५ भुक्तानी दिएको छ । बत्ति जडान कार्यको रु.२०११३९।१६ कार्य सम्पन्न प्रतिवेदन पेश भएको छ । कुन स्थानमा के कति बत्ति जडानमा प्रयोग भएको हो सो को विवरण खुलेको पाइएन । तसर्थ नापी किताबमा स्पष्ट रुपमा स्थान खुलाई राख्नुपर्ने देखिन्छ । | | |
| २७. | **अभिमुखिकरण तालिम :** किशोर किशोरीहरुका लागि यौन तथा प्रजजन स्वास्थ्य र यौन जन्य दुर्व्यवहार बारे १ दिने अभिमुखिकरण गोष्ठि १२ वटै वडामा संचालनका लागि धुलिखेल नगरपालिका र सम्वृद्धिका लागि युवा नामक गैर सरकारी संस्था बिच मिति २०७५।११।८ मा सम्झौता भई रु.४५०००० भुक्तानी दिएको छ । सम्झौतामा कार्यालयले रु.४५०००० रकम व्यहोर्ने र सो को २० प्रतिशतले हुने रकम सम्बन्धित संस्थाले व्यहोर्ने उल्लेख छ । सो अनुसार संस्थाले रु.९०००० बराबरको खर्च व्यहोर्नु पर्ने हुन्छ । संस्थाले जम्मा रु.५१०००० खर्च भएको विवरण पेश गरेको छ । अतः नगरपालिकाले सम्झौता अनुसार सो को ८० प्रतिशतले हुनेमा कार्यालयको तर्फबाट पुरै रु.४५००००० व्यहोरेको र संस्थाले रु.६०००० व्यहोरेको छ । सो अनुसार ३०००० संस्थाले कम व्यहोरेको छ । संस्थाले कम व्यहोरेको रकमको ८० प्रतिशतले हुने रु.२४००० कार्यालयले व्यहोरेको छ । अतः बढी खर्च व्यहोरेको रकम असुल हुनुपर्दछ रु. | २४००० | |
| | **पुँजिगत तर्फ** | | |
| २८. | **उपभोक्ता समितिमार्फत कार्यः** यस सम्वन्धमा देखिएका व्यहोरा यसप्रकार रहेका छन् । | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| २८.१. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा एक करोड रुपैया सम्मको लागत अनुमान भएको निमार्ण कार्य वा सो सम्बधी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने सकिने व्यवस्था छ । उपभोक्ता समितिले पेश गरेको प्रस्ताव वा निवेदन प्राप्त भएपछि सम्बन्धित सार्वजनिक निकाय र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले आवश्यकतानुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा खरिद सम्झौता गर्नु पर्ने र त्यस्तो सम्झौतामा एक ६० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नु पर्ने योगदान उल्लेख गर्नुपर्नेमा एकमुष्ट योगदान उल्लेख गरे पनि आइटम वाइज् योगदान उल्लेख गरेको पाईएन । | | |
| २८.२. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्ताको गरेको खर्चको सूचना सार्वजनिक टाँस गर्नुपर्ने र आफूले गरेका कामकारबाहीको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रक्रिया बमोजिम तोकेको अवधिभित्र सामाजिक लेखापरिक्षण गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त कार्यलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ । | | |
| २८.३. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेकोमा यसलाई प्रभावकारी बनाउनुपर्दछ । | | |
| २८.४. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेट कूल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्ने, सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान, सुपरिवेक्षण र कार्यसम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नु पर्ने व्यवस्था रहेकोमा यसलाई थप प्रभावकारी बनाउनु पर्दछ । | | |
| २८.५. | उपभोक्ता समितीबाट जटिल प्रकृति र हेभी मेशिन प्रयोग गर्नुपर्ने खालका कार्य समेत भएको उक्त निमार्ण कार्यको गुणस्तर परीक्षण गरेको प्रमाण फाइलमा संलग्न नभएकोले गुणस्तर सम्बन्धमा विश्वस्त हुन नसकिएको, अनुगमनको व्यवस्था प्रभावकारी बनाउने तथा निमार्ण, ममर्त/संभार पूर्व र सम्पन्न पश्चात्का फोटोहरु समेत पेश गरी निमार्ण एवं ममर्त सम्भार कार्यलाई थप व्यवस्थित गर्नुपर्ने देखिएको छ । | | |
| २८.६. | साार्वजनि खरिद नियमावली,२०६४ को नियम १२३ मा रनिङ विलको भुक्तानी गर्दा प्राविधिक नाप जांच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्न सकिने उल्लेख गरेको छ । कार्यालयले सम्पन्न कामको प्राविधिक नाप जांचको मुल्यांकन नापी किताबमा उल्लेख नगरी लुजसिटमा राख्ने गरेकोले नापी किताबमा राख्ने व्यवस्था मिलाउनु पर्ने देखियो । निर्माण सम्पन्न भएको कामको रनिङ बिलहरुको अध्यावधिक आईटम वाइज परिमाण उल्लेख गरी राख्नु पर्नेमा प्रत्येक रनिङ बिलको छुट्टा छुट्टै प्राविधिक मुल्याकंन गर्ने गरेकोले अन्तिम विल सम्म सम्पन्न भएको कामको जम्मा परिमाण एकिन गर्न नसकिएकोले यस तर्फ पनि सुधार हुन पर्दछ । | | |
| २९. | **मोटर साईकल खरिदः** कार्यालयको लागि यो वर्ष ५ थान मोटर साईकल खरिद गर्न बजेट विनियोजन भएकोले रु.१३४९५००। को लागत अनुमान स्वीकृत गरी उत्पादक वा अधिकृत बिकेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ्ग)को माध्यमबाट कम्पनीको तोकेको बिकी मुल्यमा स्थानीय आधिकारिक बिकेता चण्डेश्वरी अटो इन्कोजिनयरिज बनेपाबाट ५ थान मोटर साइकल खरिद गरेको भौ नं.१८६ मिति २०७५।९।२० बाट रु.१४९८३९९। भुक्तानी गरेकोमा देखिएको व्यहोरा निम्न छन् । | | |
| २९.१. | उत्पादक वा अधिकृत बिकेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि,२०७४ को दफा ८ अनुसार मोजुदा सुची तयार गरी दफा ९ बमोजिम सवै सुचिकृत प्रतिस्पर्धी कम्पनी वा अधिकारीक विकेताहरुबाट सार्वजनिक सिलबन्दी प्रस्ताव माग गर्नु पर्ने उल्लेख गरकोमा कार्यालयले एउटा कम्पनीको आधिकारीक विकेता चण्डेश्वरी अटो इन्कोजिनयरिज बनेपासंग मात्र दररेट माग गरेको निमय सम्मत देखिएन । | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| २९.२. | आधिकारिक विक्रेता चण्डेश्वरी अटो इन्कोजिनयरिज बनेपाले पेश गरेको प्रस्ताव स्वीकृत गरी सम्झौताको लागि रु.६५०००। को कार्यसम्पादन जमानत माग गरेकोमा उक्त कार्यसम्पादन जमानत जम्मा गरेको बैंक जमातन तथा नगद दाखिला गरेको प्रमाण पेश गरेको देखिएन । | | |
| २९.३. | कार्यालयले चण्डेश्वरी अटो इन्कोजिनयरिज बनेपासंग दररेट माग गर्दा CB unicorn HET B4B3 प्रति थान रु.२३८८४९।५५ (मु अ कर बाहेक) कायम गरेकोमा विकेताले ३ थान मोटर साइकल सोही मोडेलको र बिक्री मुल्यको र २ थान मोटर साईकल CB unicorn HET BSIV मोडेल प्रति रु.२२११५०।४४ (मु अ कर बाहेक) उल्लेख गरेको देखिएकोले विकेताले सम्झौता भन्दा फरक मोडेलको मोटरसाईकल उपलब्ध गराएको भएता पनि कार्यालयले स्पेसिफिकेसन बमोजिमनै प्राप्त भएको भनी स्वीकृत गरी भुक्तानी गरेको छ । विकेताले सम्झौता भन्दा फरक तथा कम मुल्यको मोटर साईकल उपलब्ध गराएको भएता पनि कार्यालयबाट सम्झौता बमोजिमकै मुल्य भुक्तानी गरेकोले बढी भुक्तानी गरेको प्रति रु.१७७०९। को दरले रु. ३५४१८। असुल गर्नुपर्ने रु. | ३५४१८/ | |
| ३०. | **बढी भुक्तानी :** रवि देउराली वडा नं १ को सडक निर्माणको काम उपभोक्ता समितिबाट सम्पन्न गरेको प्राविधिकबाट मुल्यांकन बिल रु.१९१८९६।६७ मा जनश्रमदानको अंश रु.३१८४६।६७ कट्टा गरी रु.१६००५०। मात्र उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्नेमा रु.१६४४५०। भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु.४४०० । असुल गर्नु पर्ने रु. | ४४००/ | |
| ३१. | **प्रतिवेदन :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६ मा खर्च गर्दा खर्चको बिल भरपाईसहित लेखा राख्नपर्ने उल्लेख गरेको छ धुलिखेल पानी सम्मलेनको लागि ४ लाख बजेट व्यवस्था भएकोमा उक्त सम्मेलन गरेको धुलिखेल लज रिसोर्टको विल अनुसार भौ न.५९ मिति २०७५।६।२९ बाट रु.३०००००। भुक्तानी गरेकोमा रिसोर्टले खर्चको विवरण सहितको रु.८१२९२२ को विल पेश गरेको र उन्नत अध्ययन सम्बन्धी दक्षिण एशियाली (एसआइएएस) को रु.४१३९३५ र न.पा को रु.३९८९८७ खर्च भएको देखिन्छ । उक्त पानी सम्मेलनबाट निस्केको निष्कर्ष एवं आगामी दिनमा तय गर्नुपर्ने निति सम्बन्धमा प्रतिवेदन पेश भएन । | | |
| ३२. | **हेभि मेसिन प्रयोग :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा हेभी मेसिनहरु प्रयोग गर्न सकिने छैन हेभी मेसिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसंग भएको सम्झौता रद्द गरिने भनी उल्लेख गरेको छ । कार्यालयले केही आयोजनाको निम्न कार्यमा मानिसबाट गरिने दररेट प्रयोग गरी लागत अनुमान तयार गरेको छ । सो काम मानिसबाट गरेको डोरहाजीर र डोजर , एक्साभेटर जस्ता हेभि मेसिन पनि प्रयोग गरी कार्य गरेको प्रमाण (फोटो) संलग्न गरेकोले मानिसबाट गरिने काम र हेभी मेसिनबाट गरिने कामको अलग अलग दररेट अनुसार इष्टिमेट तयार गर्नुपर्नेमा मानिसबाट गरीने दररेट प्रयोग गरी हेभी मेसिनको प्रयोग गरी काम गराएकोले उक्त कार्यको छानविन गरी असुल उपर गर्नुपर्ने रु. | ५८०२२.४८ | |

| भौ न मिति | आयोजनाको नाम | मुल्यांकन विल | आईटम वाइजकाम | परिमाण घ मी | मानिसबाट गरिने दर | खर्च रकम |
|---|---|---|---|---|---|---|
| १३९/०७५/९/३ | न पा २ हयूमपाईप राख्ने | ५८५६१३.२६ | रोड र नालीमा साधारण माटा कटिङ | ७९.४४ | ३८६.२५ | ३०६८४/ |
| २८/०७५/६/१५ | गणेशस्थान शान्तिपुर ढुङ्गागांउ सडक | २३९२९२.५१ | रोड र नालीमा साधारण माटा कटिङ | ५५.०० | ३८६.२५ | २१२४३.७५ |
| १६/०७५/६/१ | डुंडाको मुख जिरो किलो देवीटार | २३९२०७ | सडक मर्मत | १०३.५० | ३५५.३५ | ३६७७८.७३ |
| | | | | | जम्मा | ५८०२२.४८ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| ३३. | **ठाडोखोला खानेपानी योजना :** ठाडोखोला खानेपानी योजनाको रु.७०,०८,९२९।४० को लागत अनुमानमा उपभोक्ता समितिले सम्पन्न गरेको कामको प्राविधिक मुल्याकंन रु.६८,६०,०९६।१० भएको मध्ये जनश्रमदानको अंश कट्टा गरी भौ नं ८७८ मिति २०७६।३।२८ बाट रु ५७,२६,१२२।२२ भुक्तानी गरेकोमा देखिएको व्यहोरा निम्न छन् । | | |
| ३३.१. | सार्वजनि खरिद नियमावली,२०६४ को नियम १२३ मा रनिङ विलको भुक्तानी गर्दा प्राविधिक नाप जांच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्न सकिने उल्लेख गरेकोमा योजनाको रनिङ विलको भुक्तानी गर्दा अध्यावधिक काम देखिने गरी नाप जांच गरी नापी किताब खडा गरी राख्नुपर्नेमा प्रत्येक रनिङ विलको मात्र नाप जाचको नापी उल्लेख गरेकोले अध्यावधिक सम्पन्न कामको मुल्यांकन गर्न सकिएन । | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| ३३.२. | खानेपानी योजनाको विभिन्न काम मध्ये निजी धाराको लागि आवश्यक फिटिङ सामाग्रीहरु प्रति एकको रु.४१३६।७२ का दरले ३४० धाराको लागि रु.१४०६४८४।८० र ३४० थान धाराको मिटरको लागि रु.९३७९० का दरले रु.३१८८८६। गरी जम्मा रु.१७२५३७०।८० निजी प्रयोजनको लागि खर्च गरेको छ । सार्वजनिक निकायले सार्वजनिक धाराको लागि मात्र विनियोजित बजेटबाट खर्च गर्नुपर्नेमा निजी धाराको लागि पनि खर्च गरेकोले यसरी खर्च गर्न मिल्ने आधार पेश भएन । | | |
| ३४. | **भेरिएशन आदेश :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाइ भेरिएसन आदेश जारी गर्न सक्नेछ भनी उल्लेख गरेको छ । धुलिखेल कुन्ताल रविओपी सडक वडा नं ३ योजनाको रु.७०,१९,९३६।८५ को लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिबाट सम्पन्न गरेको कामको प्राविधिक मुल्याकंनबाट भौ.न.९१० मिति २०७६।३।३१ बाट रु.५६७९१०९।८८ मात्र भएको देखिएकोले कुल लागत अनुमानको ८०.८९ प्रतिशत मात्र काम सम्पन्न गरेकोले रु.१३४०८२६.९७ को बांकी काम गर्नु नपर्ने कुनै प्राविधिक कारण उल्लेख नगरी उपभोक्तासंग भएको सम्झौता फरफारक गरेको छ । नियम अनुसार कम काम भएकोमा प्राविधिक कारण सहित भेरिएसन आदेश स्वीकृत गर्नु पर्नेमा नगरेको नियम सम्मत देखिएन । | | |
| ३४.१. | योजनाको प्राविधिक मुल्यांकन अनुसार जम्मा काम भएको रु.५६७९१०९। मा जनश्रमदानको अंश रु.११३५८२१।८० कट्टा गरी हुने रु.४५४३२८७।२० उपभोक्ता समितिको तर्फबाट अग्रिम जम्मा भएको नगद रु.१२०००००। फिर्ता गर्नुपर्ने थप गरी रु.५७३४२८७।२० मात्र उपभोक्ता समितिलाई भुक्तानी गर्नु पर्नेमा रु.५८५९१०९।८८ भुक्तानी भएकोले उपभोक्ता समितिलाई बढी भुक्तानी भएको रु.११५८२२।६८ असुल गर्नुपर्ने देखियो । | ११५८२२/६८ | |
| ३५. | **शिखरकाटेरी खानेपानी योजना :** शिखरकाटेरी खानेपानी योजना रु.३६,२७,४९९।५९ लागत अनुमानमा उपभोक्तासंग मिति २०७६।३।२० भित्र सम्पन्न गर्ने गरी २०७६।२।१ मा सम्झौता भएकोमा उपभोक्ता समितिले पहिलो रनिङ विलसम्मको रु.१३,४२,६२३। बराबरको कार्य सम्पन्न गरेको आधारमा समितिको पेश्की रु.११,१६,०००। कट्टा गरी बांकी रकम समितिलाई भुक्तानी गर्नुपर्नेमा सो भुक्तानी नगरी पूनः रु.११,१६,०००। नै पेश्की कायम गरी भौ न ७५२ मिति २०७६।३।१७ बाट खर्च गरेको छ । कार्यालयले सम्झौतामा तोकिएको अवधिमा भित्र बांकी कार्य सम्पन्न गराउने र पेश्की फछ्र्योट गराउने तर्फ कुनै कारवाही गरेको देखिएन । | | |
| ३६. | **डिप बोरिङः** नगरपालिका भित्र बतासे, धामीगांउ र घाटखोला समेत ३ खानेपानी योजनामा डिप बोरिङ्गको काम गर्न रु.९८२९८४३।२० को लागत अनुमान स्वीकृत गरी सिलबन्दी बोलपत्र आह्वान गरेकोमा दाखिला भएको ४ थान बोलपत्र मध्ये सव भन्दा कम कबोल गर्ने कालिका डिलिङ्ग प्रा लि संग रु.६५२०९७६।८८ मा मिति २०७६।२।२५ भित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा मिति २०७६।३।२२ मा सम्पन्न गरेको प्राविधिक मुल्यांकन अनुसार रु.६४,३५,७५७ मध्ये यस शिर्षकबाट भौ नं ८८२ मिति २०७६।३।२९ बाट रु.३४,३५,७५६। भुक्तानी गरी बांकी रु.३०,००,०००। प्रदेश सरकार सर्शत अनुदानबाट भुक्तानी गरेको छ । | | |
| ३६.१. | सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५६ मा काबुबाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिब कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा निर्माण व्यवसायीको कारण खुलाई निवेदन दिएमा नियमावली,२०६४ को नियम १२० अनुसार आवश्यक जांचबझ्‍ गर्दा निवेदनमा उल्लेखित कारण मनासिब देखिएमा म्याद थप गर्न सकिने व्यवस्था गरेको छ । यस कालिका ड्रिलिङ्गले भौगोलिक अवस्था र प्राविधिक आउन ढिला भएको कारण एक महिना थप म्याद माग गरेकोमा कार्यालयले एक महिनाको म्याद थपको स्वीकृत दिएको छ । | | |
| ३६.२. | साार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा रनिङ विलको भुक्तानी गर्दा प्राविधिक नाप जांच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्न सकिने उल्लेख गरेको छ । कार्यलयले ड्रिलिङ्ग कम्पनीले पेश गरेको विलको आधारमा प्राविधिक मुल्यांकन गरी भुक्तानीको लागि सिफारिस गरेकोले नियम अनुसार कति गहिराईमा बोरिङको काम सम्पन्न भएको छ भनी एकिन गर्न गहिराइ मापनको लगसिट राखेको छैन । | | |
| ३७. | **घटी बढी :** निम्न आईटम वाईज कामहरु लागत इष्टिमेटको परिमाण भन्दा घटी बढी हुने गरी निर्माण कम्पनीले सजिलो तथा बढी दरको काम मात्र बढी परिमाणमा गरेको देखियो । लागत इष्टिमेटमा फरक पर्ने गरी परिमाणमा घटी बढी गरेको कारण प्राविधिकबाट खुलाउनु पर्नेमा नखुलाई भुक्तानीको लागि सिफारीस गरेको ।<br>सि \| \| बतासे खानेपानी योजना \| धामी खानेपानी योजना \| घाटखोला खानेपानी योजना | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|

| न | बोरिङको लागि पाईप खरिद | खरिद गर्नुपर्ने | खरिद गरेको | मूल्य प्रति | खरिद गर्नुपर्ने | खरिद गरेको | मूल्य प्रति | खरिद गर्नुपर्ने | खरिद गरेको | मूल्य प्रति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | 200mm Housing pipe | ६० मि | ९० मि | ४००० | ६० मि | ७८ मि | ४००० | ६० मि | ७८ मि | ४००० |
| २ | 200mm casing pipe | ६५ मि | ४० मि | २५०० | ६५ मि | ४२ मि | २५०० | ६५ मि | ० | २५०० |
| ३ | 200mm slotted pipe | २५ मि | १६ मि | ३५०० | २५ मि | १८ मि | ३५०० | २५ मि | ० | ३५०० |
| | **जम्मा** | **१५० मि** | **१४६ मि** | | **१५० मि** | **१३८ मि** | | **१५० मि** | **७८ मि** | |
| | | | | | | | | | | |
| | डिप बोरिङको गर्नुपर्ने काम | ड्रिलिङ गर्नुपर्ने | ड्रिलिङ गरेको | इकाई मूल्य | ड्रिलिङ गर्नुपर्ने | ड्रिलिङ गरेको | इकाई मूल्य | ड्रिलिङ गर्नुपर्ने | ड्रिलिङ गरेको | इकाई मूल्य |
| १ | drilling of pilot hole first initial depth of 100 m | १०० मि | १०० मि | ६००० | १०० मि | १०० मि | ६००० | १०० मि | १०० मि | ६००० |
| २ | drilling of pilot hole first initial depth beyond 100 m | ५० मि | ५८ मि | ७००० | ५० मि | ६० मि | ७००० | ५० मि | ८० मि | ७००० |
| | | **१५० मि** | **१५८ मि** | | **१५० मि** | **१६० मि** | | **१५० मि** | **१८० मि** | |

३८. **बढी व्ययभार :** घाटखोला खानेपानी योजनाको लागि १५० मिटर गहिराईसम्म बोरिङ गर्नुपर्नेमा १८० मिटर बोरिङ गरेको छ । बोरिङको लागि ७८ मिटर मात्र पाइप आपूर्ति गरेकोले पाईप खरिद परिमाण भन्दा १०२ मीटर बढी बोरिङ भएकोले रु.६९२०००। बढी खर्च र धामी खानेपानी योजनामा १५० मिटर बोरिङ गर्नु पर्नेमा १६० बोरिङ गरेको सो को लागि १३८ मिटर मात्र पाईप खरिद गरेकोले २२ मीटर बढी बोरिङ भएकोले रु.१५४००० बढी भुक्तानी भएको समेत रु.८४६०००। बढी व्ययभार भएको सम्बन्धमा प्राविधिकले नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदनमा कारण उल्लेख गरेको देखिएन । छलफलको क्रममा प्राविधिकले पेश गरेको प्रतिवेदन अनुसार शुरुमा १५० मिटर नै पाइप राख्ने गरी लागत अनुमान तयार गरेतापनि घाटखोला खानेपानी योजनामा १८० मिटरको गहिराइमा मात्र पानीको अधिकतम बाहब (discharge) पाइएकोले उक्त गहिराइ सम्म खन्नु परेको जनाएको छ । त्यस्तै ७८ मिटर भन्दा तल कडा चट्टान भएकोले पाइप राख्नु नपरेको उल्लेख गरेको । धामी खानेपानी योजनाको १६० मिटरमा मात्र पानी भेटिएकोले सो बराबर खन्नु परेको तर १३८ मिटर भन्दा तल कडा चट्टान भएकोले पाइप खरिद गर्न नपरेको उल्लेख गरेकोमा उक्त दुई योजनाको भेरिएशन स्वीकृत भएको देखिएन ।

३८.१. उक्त योजनाको निरीक्षण गर्दा बोरिङ्ग कार्य सम्पन्न भएता पनि पानी संकलनका लागि पाइप लाइन, ट्याङ्की निर्माण, वितरण प्रणाली लगायतका कार्यहरुको शुरुवात नै नभएको अवस्था देखिएकोले बोरिङ कार्यबाट प्राप्त प्रतिफलको उपयोग गर्न सक्ने अवस्था छैन । तसर्थ यथाशिघ्र कार्यक्रम संचालन गरी उपरोक्त खर्चको उपलब्धी हासिल गर्नुपर्दछ ।

३९. **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्वन्धित मन्त्रालयले तयार गरेको नर्म्सलाई आधार लिनु पर्ने उल्लेख गरेकोले कार्यालयले अर्थ मन्त्रायलयको कार्य संचालन निर्देशिकामा तोकेको नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत गराउनु पर्नेमा तालिम कार्यकमको लागत अनुमान तयार गरेको छैन । लागत अनुमान विना स्वीकृत बजेटको आधारमा परामर्श सेवाको लागि परामर्शदाता छनौट गरी विभिन्न तालिम कार्यक्रममा खर्च भएको भनी पेश गरेको विल भरपाईको आधारमा खर्च गरेको छ । लागत अनुमान विना खर्च विश्लेषण गर्न सकिने आधार नभएकोले कार्यालयले यस तर्फ ध्यान दिनु पर्दछ ।

| भौ न मिति | परामर्श दाताको नाम | तालिम कार्यक्रम | अवधि । संख्या | खर्च रकम |
|---|---|---|---|---|
| ३७४।०७५।१२।१५ | सामाजिक सेवा नेपाल, धलिखेल | आधारभुत प्लम्विङ | ७ दिने | ४९५०००। |
| ७२२।०७६।३।१५ | वि एम के ड्राईभिङ्ग स्कुल ,बनेपा | बेरोजगार महिलाहरुलाई ड्राइभिङ्ग | १५ जनालाई | २६५९५०। |
| ८४१।०७६।३।२४ | दिगो विकासका लागि नागरिक मञ्च (सिविक फोरम) काभ्रे | सिलार्य बुनाई तालिम | ३० जनालाई ४५ दिने | ३५००००। |
| ८४२।०७६।३।२४ | दिगो विकासका लागि नागरिक मञ्च (सिविक फोरम) काभ्रे | बेमौसमी तरकारीस खेती | ३ दिने | १५००००। |
| ८५०।०७६।३।३१ | सबृद्धिका लागि युवा धुलिखेल | बुटिक एवं बिशेष सिलाई | ४५ दिने | २५००००। |
| ७२७।०७६।३।१५ | खरिदार इश्वर प्रसाद सापकोटा | वडा नं १० शारदा बतासे बालमैत्री वडा घोषण | पेश्कीबाट | ५८२६९४। |
| ८०५।०७६।३।२४ | विल भरपाईमात्र | वडा नं १० लाई बालमैत्री वडा घोषण | | २४२२९८। |
| ८३५।०७६।३।२५ | सिर्जनशिल समाज नेपाल | बालमैत्री स्थानिय शासन वडा घोषण | पेश्कीबाट | ३५००००। |

४०. **परामर्श सेवा :** सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ को नियम अनुसार सार्वजनिक निकायले आफ्नो जनशक्तिले नभ्याउने काम मात्र परामर्श सेवा लिन सकिने व्यवस्था गरेको छ । परामर्श सेवा लिँदा आफ्नै जनशक्तिबाट सम्पन्न गर्न सकिने/नसकिने विषय स्पष्ट पारेको देखिँदैन । नगरपालिकाले देहाय अनुसार परामर्श सेवा लिएको देखिन्छ ।

| भौ. न. मिति | परामर्शदाताको नाम | परामर्शको विषय | खर्च रकम |
|---|---|---|---|

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | ५१७।०७६।२।७ \| जिइ ओइसी जि आई डिए नेकस्ट जे भी \| नगरपालिकाको एकिकृत विकास योजना \| १०१०२२० | | |
| ४०.१. | गत वर्षको सम्झौता रु.१६८३७००। मध्ये रु.६७३४८०। भुक्तान गरी यो वर्ष बांकी रु.१०१०२२०। मात्र भुक्तानी भएकोले कहिले सम्ममा कार्यसम्पन गर्नुपर्ने सम्झौताको शर्तहरु के थियो सो स्पष्ट गर्न सम्झौता पेश भएन । | | |
| ४१. | **बिल भरपाई :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६ मा खर्च गर्दा खर्चको बिल भरपाईसहित लेखा राख्नपर्ने उल्लेख गरेको छ । बच्चालाई भोटो न्यानो कपडा सिलाई गरे वापत पात्लेखेत सिप विकास केन्द्र धुलिखेलले पेश गरेको ११ जना दक्षकामदारको भरपाईको रु.२५०७५०। विभिन्न सामाग्री खरिदको रु.२५००००। गरी भौ.नं ८०४।०७६।३।२४ बाट रु.५०००००। खर्चको विल भरपाईबाट केन्द्रको पेश्की रु.२५००००। फछ्र्यौट गरेको छ । सिप विकास केन्द्रबाट ७४३ थान भोटो प्राप्त भएकोमा २२० थान वितरण भई ५२३ थान भोटो वितरण गर्न बाँकी रहेको देखिन्छ । उक्त न्यानो भोटो सम्बन्धितलाई वितरण गरी भरपाइ अद्यावधिक गरीनुपर्दछ । | | |
| ४२. | **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९(३क.) मा उपभोक्ता समितिमार्फत काम गराउने गरी गरिएको पचास लाख रुपैया भन्दा बढीको भुक्तानी रकममा एक दशमलब पाँच प्रतिशतका दरले करकट्टी गर्नु पर्नेछ भनी उल्लेख गरेकोमा कार्यालयले निम्न उपभोक्ता समितिसंग निम्नानुसार पचास लाख भन्दा बढीको सम्झौता गरी भुक्तानी गरकोमा नियम अनुसार १.५ प्रतिशत कर कट्टी नगरेको रु. | ३७५७४१ | |

| सि न | योजनाको नाम | सम्झौता रकम | भुक्तानी रकम | कर रकम | कट्टी कर रकम |
|---|---|---|---|---|---|
| १ | भट्टीडांडा काभ्रेभञ्जाङ सडक उ स | ९५९९९४५। | ७७६००००। | ११६४०० | |
| २ | वि पि राजमार्ग ठुलीटार हुदै अरनिको राजमार्ग | ७१९९९७२। | ५८२००००। | ८७३०० | |
| ३ | ठाडोखोला खा पा योजना | ७००८९२९। | ५७२६१२२। | ८५८९२ | |
| ४ | धुलिखेल कुन्ताल रविओपी सडक | ७१९९९३६। | ५७४३२८७। | ८६१४९ | |
| | | | जम्मा | ३७५७४१ | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | **संघिय शसर्त तर्फ** | | |
| ४३. | **विद्यालय निकाशा तर्फ :** विद्यालयगत निकाशा लेजर राखी निकाशा दिनुपर्नेमा लेजर राखेको छैन । देखिएका व्यहोरा निम्नानुसार रहेको छ । | | |
| ४३.१. | सेतीदेवी उ.मा.वि का मा.वि द्धित्तिय श्री रामचन्द्र पराजुली मिति २०७५।२।२२ मा अवकाश हुनु भएको छ । नगरपालिकाले रामचन्द्र तिवरीको तलब भत्ता बापत गो.भौ.नं.८।०७५।५।२६ बाट रु.४५६८७ निकाशा दिएको छ । गत वर्ष नै अवकाश भै सकेको व्यक्तिलाई निकाशा दिएको रकम असुल हुनुपर्दछ रु. | ४५७८६ | |
| ४३.२. | कालिका मा.वि बतासेका मा.वि तृतिय शिक्षक श्री चक्र प्रसाद ढुंगानालाई २०७५।५।१९ मा सरुवा भई आएको भनि ११ दिनको गो.भौ.नं.८।०७५।५।६ बाट रु.१४८७५ निकाशा दिएको छ । सरुवा भई आएका शिक्षकलाई तलब निकाशा दिँदा रमाना पत्र संलग्न गरी निकाशा दिनुपर्नेमा रमाना पत्र संलग्न छेन । रमाना पत्र संलग्न नहुँदा कहिले सम्मको तलब भुक्तानी भएको छ एकिन हुन सकिएन । अत: उक्त शिक्षकको अवकाश पत्र संलग्न हुनुपर्दछ रु. | १४८७५ | |
| ४४. | **तलब निकासा :** हनुमान मा.वि पातलेखेतका नि.मा.वि तृतिय शिक्षक दुर्गा बडाल आ.व २०७४।०७५ मा नै सरुवा भै सक्नु भएको छ । आ.व २०७४।०७५ मा नै सरुवा भै सकेको अवस्थामा उक्त विद्यालयको नाममा गो.भौ.नं.९।०७५।५।२६ बाट रु.४००० निकाशा दिएकोले नपाउने निकाशा असुल हुनुपर्दछ रु. | ४००० | |
| ४५. | **अनुगमन :** कार्यालयले प्राविधिक धार संचालन गर्ने विद्यालयका लागि ल्याव व्यवस्थापन तथा प्रति विद्यार्थी लागत अनुदान भनि संजिवनी मा.वि धुलिखेललाई गो.भौ.नं.१३५।०७५।१२।१ बाट निर्देशिकामा उल्लेख भए अनुसार रु.१६८८००० निकाशा दिएको छ । निकाशा दिएको रकमबाट विद्यालयले ल्याब व्यवस्थापन गर्दा भएको खर्चको बिल भरपाइ र सामग्री दाखिला एवं कार्य सम्पन्न सम्बन्धमा नगरपालिकाको शिक्षा शाखाबाट अनुगमन गरी प्रतिवेदन पेश हुनुपर्दछ । | | |
| ४६. | **फरक शिर्षक :** नगरपालिकाबाट व्यवस्थापन गरिएका ४ वटा स्कुलका शिक्षकलाई तेस्रो चौमासिक निकाशा बापत रु.१३६००० निकाशा दिएको छ । नगरपालिकाबाट व्यवस्थापन गरिएका शिक्षकको यस बजेट (२१११) उपशिर्षक -शिक्षा तर्फ) बाट खर्च लेख्न मिल्ने नदेखिएको रु. | १३६००० | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|

| क.स | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | कालिदेवी प्रा.वि | ३४००० |
| २ | छयाल देवी प्रा.वि | ३४००० |
| ३ | पुर्ण संजिवनी मा.वि | ३४००० |
| ४ | देविस्थान मा.वि | ३४००० |
| | जम्मा | १३६००० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | **शिक्षा तर्फ** | | |
| ४७. | **बढी भुक्तानी :** नि.मा.वि शिक्षक (द्धित्तिय) मन्जुदेवी अधिकारीको पारित तलबी प्रतिवेदनमा रु.१०१७ को दरले ३ ग्रेडको रु.३०५१ भुक्तानी हुनुपर्नेमा ४ ग्रेडको रु.४०६८ भुक्तानी भएको छ । निजले पाउनुपर्ने भन्दा बढी रकम रु.१०१७ को दरले १२ महिनाको चाडपर्व खर्च र सो रकममा कर्मचारी संचय कोष १० प्रतिशत थप सहित रु.१४४४२ बढी व्ययभार पर्न गएको छ । यसरी नियम भन्दा बढी भुक्तानी भएको रु.१४४४२ निजबाट असुल गरी संघिय संचितकोष दाखिला गर्नुपर्ने रु. | १४४४२ | |
| ४८. | **विल भर्पाई** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ वमोजिम अनुसार बिल भर्पाई सहितको लेखा राख्नु पर्दछ । आ.पि.एम कृषक पाठशाला सञ्चालनको कृषक सहजकर्ता स्वस्तिमा सापकोटालाई गो.भौ.नं.२८८/०७६/३/२९ बाट रु.१००००० भुक्तानी गर्दा रु.९३११० को मात्र बिल भरपाइ संलग्न छ । बिल भरपाइ भन्दा बढी खर्च लेखेको रु.६८९० सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु. | ६८९० | |
| ४९. | **सोझै खरिद :** सार्वजनिक खरिद नियमावी, २०६४ को नियम ८५(क) बमोजिम रु.५ लाख सम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था छ । साथै सोही नियमको १(ख) बमोजिम पटक पटक वा एकै पटक गरी एक आर्थिक वर्षमा ५ लाख भन्दा बढीका खरिद एउटै आपूर्तिकर्ताबाट गर्न नसकिने व्यवस्था छ । युवा सिप तथा उद्यमशिलता तालिम कार्यक्रम अन्तर्गत ब्युटि पार्लर सम्बन्धी तालिम गराउने संस्था छनौट गर्न बोलपत्र दरभाउपत्रको सुचना प्रकाशन नगरी peas beauty parlour and training center सँग सोझै सम्झौता गरी गो.भौ.नं.२८०।०७६।३।२७ बाट रु.४५८०९९ भुक्तानी गरिएको छ । | | |
| ५०. | **अग्रिम कर कट्टी :** आयकर ऐन, २०५८ अनुसार सामान खरिदमा १.५ प्रतिशतको दरले अग्रिम कर कट्टी गरी बाँकी भुक्तानी दिनुपर्ने व्यवस्था छ । ना.प्र.स.प्रा रत्न बहादुर अधिकारीको पेश्की फछ्र्यौट गरिएको गो.भौ.नं४१।०७५।८।१० बाट रु.१९१७०० र भौ.नं.१४९।०७६।१।२ बाट रु.७४००० समेत जम्मा रु.२६५७०० को औषधि, घाँसको बिउ, स्टेशनरी लगायतका सामाग्री खरिद गर्दा हुने १.५ प्रतिशतको दरले कट्टी गर्नुपर्ने अग्रिम आयकर रु.३९८६ कट्टी गरी दाखिला नगरेकाले निजबाट असुल गरी राजश्व दाखिला गर्नुपर्ने अग्रिम आयकर रु. | ३९८६ | |
| ५१. | **बिल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ वमोजिम अनुसार बिल भर्पाई सहितको लेखा राख्नु पर्दछ । कार्यालयले आमा सुरक्षा कार्यक्रम, यातायात खर्च, गर्भवती तथा सुत्केरी उत्प्रेरणा सेवा, स्वास्थ्य संस्थाहरुमा प्रसुती हुने सुत्केरी तथा नवजात शिशुलाई न्यानो झोला वितरण कार्यक्रम अन्तर्गत गो.भौ.नं.२७९।०७६।३।२७ बाट रु.५२४८४०० र गो.भौ.नं.२६०।०७६।३।२४ बाट रु.५८४५९०० समेत जम्मा रु.११०९४३०० भुक्तानी गरेको फाँटवारी परिक्षण गर्दा बिल भरपाइको पञ्जिका सुचिमा जोड जम्मा रु.११०९४३०० भएतापनि मासिक विवरणको भरपाइ अनुसार जम्मा रु.१०९९९५०० को मात्र भरपाइ संलग्न रहेको देखिन्छ । भरपाइ भन्दा बढी खर्च लेखेको सम्बन्धमा प्रमाण पेश हुनुपर्दछ रु. | ९४८०० | |
| | **८०३२६४०१५१० प्रधानमन्त्री रोजगार कार्यक्रम** | | |
| ५२. | पारिश्रमीकमा आधारित सामुदायीक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६ वमोजीम ज्यालामा ७०% मा नघटने गरि,सामाग्री खरिदमा २५% मा नवडने गरि र आयोजनामा आवश्यक औजारहरु खरिदमा लागत अनुमानका ३% भन्दा वढी नहुने गरि खर्च गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले निम्न योजनामा निम्नानुसार खर्च गरेको देखिन्छ | | |

| कार्यक्रमको नाम | कुल खर्च | सामाग्री र औजार खरिद खर्च |
|---|---|---|
| ईटे नयांपाटी गुरांसे एक्लेखेत सडक मर्मत | २४८४०७ | ५७८५८ |
| काभ्रे भञ्ज्याङ इटे सडक मर्मत | २१४४४१ | ४३६७० |
| वडा नं. ४ को झाडी तथा ढल सफ ागर्ने | २२६३२७ | ५८९१९ |
| वडा नं. ४ को बाँसघारी कुवा मर्मत तथा संरक्षण | ११७३१७ | २४३५९ |
| जम्मा | ८०६४९२ | १८४८०६ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | प्रतिशत \| \| २३<br>निर्देशिकामा सामाग्री र औजारको स्पष्ट परिभाषा र वर्गिकरण भएको देखिएन । तसर्थ सो सम्बन्धमा विश्लेषण गर्न सकिएन । खरिद सामाग्री नगरपालिकामा दाखिला गरी पुन प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ । | | |
| | **पञ्किरण तथा सामाजिक सुरक्षा :** | | |
| ५३. | **सामाजिक सुरक्षा कार्यक्रम :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ मा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा जन्म, मृत्यु, विबाह दर्ता, बसाइसराइको व्यवस्थित अभिलेख राखी सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको अधिलेख MIS सिष्टममा प्रविष्टि गरी बैंकिङ प्रणाली मार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । बैंकिङ प्रणाली मार्फत वितरण भएको सामाजिक सुरक्षा भत्तामा लागत कट्टा भएका बैंकमा लिन नआएका लाभग्राहीहरुको भत्ता रकम कार्यालय र बैंकहरुको सम्झौता अनुसार नै बैंकहरुले अर्धवार्षिक रुपमा नै डोरम्याट खाताहरुको विवरण नगरपालिकालाई बुझाएको पाइएन । बैंकहरुले आर्थिक वर्ष समाप्त भएपछि मात्र बाँकी रकम फिर्ता गर्ने गरेको पाइयो । | | |
| ५४. | **आन्तरिक लेखापरीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ मा स्थानीय तहले कानून बमोजिम आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने र आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका कैफियत अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ । आन्तरिक लेखापरीक्षणले औंल्याँएका देहायका व्यहोरा फछ्र्यौट गरी सम्परीक्षणका गराएको छैन । | | |
| | **८०३२६४०१५०६ सडक वोर्ड नेपाल** | | |
| ५४.१. | **बिल भरपाइ :** थुछेछे स्वास्थ्य चौकि वानियाछाप सडक निर्माण रु.१,३६,०००।०० पे.फ.गरि ७।२०७६।२।०६ बाट रु.२,९९,३५२।०० भुक्तानी भएकोमा जम्म रु.४,३५,३५२।०० को विल भर्पाई पेश गर्नु पर्नेमा रु.२,८३,७५००० को मात्र विल भर्पाई पेश भएकोले वांकी रु.१,५१,६०२।०० को विल भर्पाई पेश गर्नु पर्ने रु. | १,५१,६०२।०० | |
| | **८०३२६४०१५०१ चालु संघीय सरकारवाट हस्तान्तरीत कार्यक्रम** | | |
| ५४.२. | आयुर्वेद कार्यालय धुलिखेलमा ४ जना, विभिन्न स्वास्थ्य संस्थामा स्थायी कर्मचारी ४७ को तलव भत्ता, महंगी भत्ता तथा जोखीम भत्ता समेत भुक्तानी भएकोमा कुन स्वास्थ्य संस्थामा कुन तहको के कति वटा स्वीकृत दरवन्दी रहेको छ भन्ने विवरण नभएकोले उक्त स्विकृत दरवन्दी प्राप्त गरि राख्नु पर्ने र स्विकृत दरवन्दी वमोजीम तलवी प्रतिवेदन पारित गर्नु पर्ने देखिन्छ । | | |
| ५४.३. | विभिन्न स्वास्थ्य संस्थाका लागी अ.न.मी, अ.हे.व.,ल्याव असिष्टेन्ट, कार्यालय सहयोगी र कम्प्युटर अपरेटर समेत १९ जना कर्मचारी करारमा रही उनीहरुको म्याद समेत थप भएकोमा स्वास्थ्य संस्था वमोजीम दरवन्दी प्राप्त गरि दरवन्दी वमोजीमको कर्मचारी भए नभएको एकिन गरि दरवन्दी वमोजीम नभएको भएमा दरवन्दी मिलान गर्नु पर्ने देखिन्छ । | | |
| ५४.४. | हे.अ. झलक कुमार दर्लामी २०७५ मंसिर ३ गते देखि वेतलवी अध्ययन विदामा वसेकोमा २०७५ माघ मसान्त सम्मको तलव, क.सं.कोष,विमा थप र महंगी भत्ता समेत वेतलवी विदा वसेको अवधीमा गो.भौ.नं.२८१/०७६/३/२७ बाट रु.८८०३९।८५ खर्च भएकोमा रु.५०,७६३।३३ मात्र खातामा फिर्ता भएकोले नपुग रु.३२,२७६।५२ सम्वन्धीत संग असुल गरि सम्वन्धीत खातामा दाखीला गर्नु पर्ने रु. | ३२,२७६।०० | |
| ५४.५. | जिल्ला सेफ हाउसमा व्रान्डेड डेस्कटप कम्प्युटर थान एक खरिद वापत Juniper JT and General Suppliers वनेपा १० काभ्रेको विल राखी गौरीशंकर ग्रामिण महिला विकास वहुउद्धेश्यीय सहकारी संस्था लाई मु.अ.कर समेत गो.भौ.नं.३०४/०७६/३/३० बाट रु.१,२९,९९९।७२ भुक्तानी भएकोमा उक्त कम्प्युटरको व्रान्ड, मोडल सहितको स्पेसिफिकेशन संलग्न नभएकोले सो संलग्न गर्नु पर्ने र उक्त स्पेशिफिकेशन वमोजिमको सामान भए/नभएको सम्वन्धीत दक्ष कर्मचारीवाट जांच गराई प्रमाणित गराउनु पर्ने रु. | १,२९,९९९।७२ | |
| | **८०३२६४०१००१ न.पा. पूंजीगत** | | |
| ५४.६. | रवि देउराली सडक निर्माण गर्न रु.२,०००००।०० विनियोजन भई उपभोक्ता समितिको लागत सहभागीता समेत रु.२,४०,१९९।६० को मुल्यांकन भई उपभोक्ता समितिले रु.१,८५,४४०।०० को मात्र विल भर्पाई पेश गरेकोले कन्टेन्जेन्सी वाहेक रु.२,३४,१९९।६० को विल भर्पाई पेश गर्नु पर्नेमा नपुग विल भर्पाई पेश गर्नु पर्ने रु. | ४८,७५९।६० | |
| ५४.७. | देहाय वमोजिमका कजेजलाई देहाय वमोजिम छात्रवृती रकम गो.भौ.नं. ५३८।०७६।२।१२ बाट धुलिखेल क्याम्पसलाई रु.१,०००००।०० र संजीवनी कलेजलाई रु.१,०००००।०० उपलव्ध | २,००,०००।०० | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | गराएकोमा छात्रवृती उपलव्ध गराउने आधार र शर्त सहितके संझौता नभएकोले सो संलग्न गराउनु पर्ने र कुन विद्यार्थीले के कति छात्रवृती प्राप्त गरे सो वुझेको भपाई संलग्न गर्नु पर्ने रु. | | |
| ५५. | **पेश्की:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११३ मा आर्थिक वर्षको अन्त्य सम्ममा पेश्की फछ्र्यौट गर्नु पर्ने व्यवस्था रहेकोमा देहाय अनुसार फछ्र्यौट गर्न बाँकी पेश्की देखिएकोले उक्त नियम अनुसार असुल फछ्र्यौट गर्नुपर्ने रु. | ६५११५६६ | |

| सि.नं | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|
| १. | अधिकृत छैंठौ मन्दिल कृष्ण श्रेष्ठ | ५००००० |
| २. | जन आदर्श निर्माण सेवा सभाहल निर्माण | १२४०००० |
| ३. | करथरी माध्यमिक विद्यालय वातावरण तथा सरसफाइ | १००००० |
| ४. | नेपाल विद्युत प्राधिकरण बनेपा काभ्रे ट्रान्सफर जडान | १४५५६६ |
| ५. | संजिवनी माध्यमिक विद्यालय धुलिखेल वातावरण तथा सरसफाइ | १३०००० |
| ६. | सामुदायिक वन उपभोक्ता महासंघ नेपाल जिल्ला महासंघ काभ्रे प्रोफाइल निर्माण | ३२५००० |
| ७. | जम्मुगैरा नयाँ वस्ती बाटो सुधार उपभोक्ता समिति | १४१००० |
| ८. | जाल्पादेवी जाने बाटो मर्मत उपभोक्ता समिति | ५४००० |
| ९. | श्री देवीस्थान माध्यमिक विद्यालय | १००००० |
| १०. | शिखरकटेरी लुइटेल टोल खानेपानी उपभोक्ता समिति धु.न.पा ८ | १११६००० |
| ११. | सालिक तथा पार्क निर्माण उपभोक्ता समिति | ४२०००० |
| १२. | पि.पि निर्माण सेवा देविस्थान पार्क निर्माण | २१००००० |
| १३. | सिउडिखोला पुल निर्माण उपभोक्ता समिति धु.न.पा १० | १४०००० |
| | | ६५११५६६ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| ५६. | **बेरुजु तथा संपरिक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२)(घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था गरेको छ । बेरुजुको विवरण अद्यावधिक गरी नियमानुसार बेरुजु फछ्र्यौट गर्नुपर्दछ । अद्यावधिक वेरुजुको विवरण पेश नगरेतापनि कार्यालयले गत वर्षसम्मको बेरुजू मध्ये निम्नानुसार रु.१३६८०७८/-फछ्र्यौट गरी लेखापरीक्षण डोरमा सम्परीक्षणको लागि अनुरोध गरेकोमा सम्परीक्षण गरिएको छ । लगत कट्टाको जानकारी पछि गराइने छ । | | |

| आर्थिक वर्ष | बेरुजु दफा | बेरुजुको संक्षिप्त व्यहोरा | बेरुजु रकम | फछ्र्यौट गरिएको आधार र व्यहोरा | समपरिक्षणको लागि पेश गरिएको रकम | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|---|---|
| ०७३/७४ | ३६ | पेश्की फछ्र्यौट गर्न बाँकी | १२८००० | बिल भरपाइ र बैंक भौचर प्राप्त | १२८००० | १२८००० |
| ०७४/७५ | २९ | बिल भरपाइ नपुग | ८००७८ | बिल भरपाइ प्राप्त | ८००७८ | ८००७८ |
| ०७४/७५ | ३३ | पेश्की बाँकी | ११६०००० | बैंक भौचर, निवेदन तथा बिल भरपाइ प्राप्त | ११६०००० | ११६०००० |
| | | | | | जम्मा | १३६८०७८ |

**ध्रुव न्यौपाने**
**लेखापरीक्षण अधिकारी**

**पुरुषोत्तम महर्जन**
**लेखापरीक्षण अधिकारी**

**घनश्याम काफ्ले**
**निर्देशक**